नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, फागुन २८ गते, २०७४ साल (अतिरिक्ताङ्क ४५

भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४

प्रस्तावना: तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि नेपालको संविधान बमोजिम दूरगामी सोच सहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण तथा अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई अनुसन्धान वा विश्लेषण गरिएका सूचनाका आधारमा सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टीकृत निकायका रुपमा राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको राष्ट्रिय विकास परिषद् सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

परिच्छेद-२

आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. आयोगको गठन :(१) नेपालमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रुपमा काम गर्न एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) नेपाल सरकारबाट नियुक्त एक जना – उपाध्यक्ष

(ग) नेपाल सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा चारजना – सदस्य

(घ) मुख्य सचिव, नेपाल सरकार – सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(च) सचिव, राष्ट्रिय योजना आयोग – सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिनेछ :-

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,

(ङ) सुशासन तथा व्यवस्थापन ।

(४) उपाध्यक्ष र उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने छन् ।

४. <u>आयोगको बैठक</u> : (१) आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य–सचिवले आयोगको बैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यउपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>आयोगको नियमित बैठक</u> : (१) आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कनका लागि आयोगको नियमित बैठक प्रत्येक हप्ता बस्नेछ ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य–सचिवले बोलाउनेछ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) आयोगको नियमित बैठकमा दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको उपस्थिति अनिवार्य हुने छैन ।

(५) आयोगको नियमित बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>आयोगको काम, कर्तव्य र अधिकार</u>: प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारका अतिरिक्त आयोगको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा :

(१) मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(२) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सङ्घीय स्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

(५) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

(६) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

(९) अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

(ख) अनुगमन तथा मूल्याङ्कन :

(१) मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

(ग) तहगत समन्वय :संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण :

(१) कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

परिच्छेद-३

राष्ट्रिय विकास परिषद्

७. राष्ट्रिय विकास परिषद्:आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक राष्ट्रिय विकास परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधानमन्त्री – अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगको उपाध्यक्ष –उपाध्यक्ष

(ग) नेपाल सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु –सदस्य

(घ) सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता –सदस्य

(ङ) प्रदेश सरकारका मुख्य मन्त्रीहरु –सदस्य

(च) सङ्घीय संसदका समितिका सभापतिहरु –सदस्य

(छ) गभर्नर, नेपाल राष्ट्र बैंक –सदस्य

(ज) आयोगका सदस्यहरु –सदस्य

(झ) प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायको प्रमुखहरु –सदस्य

(ञ) जिल्ला समन्वय समितिका प्रमुखहरु, स्थानीय तहका प्रतिनिधिहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित नेपाल सरकारबाट मनोनित पच्चीस जना –सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) सचिव, राष्ट्रिय योजना आयोग –सदस्य–सचिव

८. <u>परिषद्को बैठक सम्बन्धी व्यवस्था</u> : (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्य-सचिवले परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) परिषद्को निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ ।

(५) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>राष्ट्रिय योजनाको स्वीकृति</u> :परिषद्को बैठकमा आयोगले तयार गरेको राष्ट्रिय योजना छलफल भएपछि परिषद्को निर्देशन अनुसार नेपाल सरकारको स्वीकृतिको लागि पेश गरिनेछ ।

परिच्छेद–४

<u>उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार</u>

१०. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u> : उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने गराउने,

(ख) मुलुकको समग्र आर्थिक अवस्था, चालू योजना र राष्ट्रिय प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

११. <u>सदस्यको काम, कर्तव्य र अधिकार</u>: सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोगमा जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

परिच्छेद-५

<u>उपाध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा</u>

१२. <u>योग्यता</u>:देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछ :-

(क) नेपाली नागरिक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) चालीस वर्ष उमेर पुगेको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट आर्थिक तथा सामाजिक विकास, पर्यावरण, विज्ञान, इन्जिनियरिङ्ग, व्यवस्थापन वा सुशासनको विधामा विद्यावारिधि गरेको वा विश्वविद्यालयको प्राध्यापक पदमा रही काम गरेको वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरी विशिष्टता हासिल गरेको,

(घ) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) नियतवस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

१३. <u>पद रिक्त हुने अवस्था</u>: देहायको अवस्थामा उपाध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछ :-

(क) प्रधानमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा,

(ख) नेपाल सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) नेपाल सरकारले निजलाई पदमुक्त गरेमा, वा

(ङ) निजको मृत्यु भएमा ।

१४. शपथः आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्षले अध्यक्ष समक्ष र नियुक्त सदस्यहरुले उपाध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनुपर्नेछ ।

१५. उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा : (१) उपाध्यक्ष तथा नियुक्त सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी सुविधा क्रमशः नेपाल सरकारका राज्यमन्त्री तथा सहायक मन्त्री सरह हुनेछ ।

(२) उपाध्यक्ष तथा सदस्यको अन्य सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिमहुनेछ ।

१६. स्वीकृति लिनु पर्ने : (१) उपाध्यक्ष तथा सदस्यले आयोगको कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-६

आयोगको सचिव, जनशक्ति तथा बजेट

१७. सचिव :(१) अध्यक्षको प्रत्यक्ष निर्देशन तथा उपाध्यक्षको सुपरीवेक्षणमा काम गर्ने गरी नेपाल निजामती सेवाको एक विशिष्ट श्रेणीको अधिकृत आयोगको सचिव रहनेछ ।

(२) प्रचलित कानून र यस आदेशमाअन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारकोअतिरिक्त आयोगको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने,

(ख) आयोगको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने कार्य गर्ने,

(घ) आयोगले तोकेका अन्य कार्य गर्ने, गराउने ।

१८. जनशक्ति तथा बजेटसम्बन्धी व्यवस्था : (१) आयोगको काममा सहयोग गर्न आयोगमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) आयोगको लागि आवश्यक पर्ने कर्मचारी नेपाल निजामती सेवाका विभिन्न सेवा, समूहका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) आयोगलाई आफ्नो काम कारबाहीको क्षेत्रमा आवश्यक हुने विशेषज्ञ सेवा आयोगको कर्मचारीबाट उपलब्ध हुन नसक्ने भएमा अवधि किटान गरी प्रचलित कानूनबमोजिम विज्ञ व्यक्तिको सेवा लिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) आयोगका लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

१९. आयोग मातहतका निकायः (१) केन्द्रीय तथ्याङ्क विभाग र नेपाल सरकारले तोकेका अन्य निकाय आयोगको मातहत रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका निकायले आयोगको निर्देशन तथा मार्गदर्शनको अधीनमा रही काम गर्नु पर्नेछ ।

परिच्छेद-७

विविध

२०. पालना गर्नु पर्ने :आयोगले योजनाको तर्जुमा, कार्यान्वयनको सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरु योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

२१. अधिकार प्रत्यायोजन :आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने : आयोगले मुलुकको विकास योजना तथा नीतिगत व्यवस्थाका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग नीतिगत तथा प्रक्रियागत रुपमा समन्वय तथा सहजीकरण गर्नुपर्नेछ ।

२३. प्रतिवेदन पेश गर्नेः (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, मुलुकको आर्थिक विकासका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन नेपाल सरकारले सङ्घीय संसदमा पठाउनेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

२४. <u>नेपाल सरकारसँग सम्पर्क</u> : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२५. <u>निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्ने</u>: यो आदेश कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

२६. <u>खारेजी र बचाऊ</u>: (१) राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ खारेज गरिएको छ ।

(२) यो आदेश जारी हुँदाका बखत राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ बमोजिम नियुक्त भै आयोगमा कार्यरत उपाध्यक्ष तथा सदस्य स्वतः पदमुक्त हुनेछन् ।

(३) राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ बमोजिम भए गरेका कामकारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा १५ सँग सम्बन्धित)

शपथको ढाँचा

म ..... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै ..... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थर : .....

दस्तखत : .....

आज्ञाले,

बुद्धिबहादुर खड्का

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।